म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७२ विहीबार १९ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 2 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटे चेकपोष्टबाट दुई पक्राउ

हेटौंडा, १८ माघ/ मधेश प्रदेशबाट बागमती प्रदेश प्रवेश गर्ने प्रमुख नाका हेटौंडाको रातोमाटे चेकपोष्टबाट दुई जना पक्राउ परेका छन् । पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोष्टबाट लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले सर्लाही मलंगवा नगरपालिका-१० बस्ने १८ वर्षीय राज झा र सोही स्थानका १८ वर्षीय अनिलकुमार यादवलाई पक्राउ गरेको हो । बुधबार विहान सर्लाहीबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश २-०३-००९ प. ७८९६ नम्बरको मोटर साइकलमा सवार झा र यादवलाई जाँच गर्दा नाइट्राजेपाम १६ पत्ता १० ट्याव, एमजी एकसय ६० पिस बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । पक्राउ परेका दुबैलाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको कार्कीले बताए ।

बागमती प्रदेशसभा छैठौं वर्षमा प्रवेश

# पहिलो कार्यकालमा बन्न सकेन पर्याप्त ऐन कानुन

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशसभाले स्थापनाको पाँचौं वार्षिकोत्सव मनाएको छ ।

२०७४ माघ १८ गते बसेको पहिलो प्रदेशसभा बैठकलाई स्थापना दिवसको रुपमा मान्दै प्रदेशसभाले बुधबार पाँचौं वार्षिकोत्सव मनाएको हो । मंसिर ४ गते भएको निर्वाचनपछि प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भइसकेको छ । बागमती प्रदेशसभाले पाँच वर्षको अवधिमा ४५ वटा कानुन निर्माण गर्दा ५६ वटा संशोधन गरेको छ ।

सुरुमा प्रदेश सरकारले ९९ वटा कानुन आवश्यक रहेको भन्दै ती कानुन दुई वर्षभित्रमा निर्माण गरिसक्ने बताएको थियो । तर, पछि सरकारले ८२ वटा मात्रै आवश्यक कानुन रहेको पहिचान गरेको थियो । सरकारले दुई वर्षमा ९९ वटा कानुन निर्माण गरिसक्ने बताएको भएपनि प्रदेशसभा र सरकार बनेको पाँच वर्षमा पहिचान भएका ऐनमध्ये जम्मा ४८ वटा ऐनमात्रै निर्माण भए ।

संघीयतामा गएपछि पहिलोपटक बनेको प्रदेशसभा र सरकारले आफ्नो कार्यकालमा विशेष गरी आवश्यक ऐन कानुन निर्माण कार्यलाई तीव्र गतिमा अघि बढाउनु पर्थ्यो । तर, पहिलो कार्यकालको पाँच वर्षको अवधिमा बागमती प्रदेशसभा कानुन निर्माणमा कम, संशोधन, सत्ता परिवर्तन र दलहरुबीचको आरोप-प्रत्यारोपमा नै बढी प्रयोग भयो ।

पछिल्लो दुई वर्षयता त प्रदेशसभाको बैठक ऐन कानुन निर्माणमा नभई सत्ता परिवर्तन, बजेट पास र आरोप-प्रत्यारोपमा नै सीमित भयो । प्रदेशसभा सचिवालयले दिएको तथ्याङ्क अनुसार प्रदेशसभाबाट पहिलो कार्यकालमा ७० वटा विधेयक पारित भएका छन् । तीमध्ये १५ वटा संशोधन विधेयक हुन् भने १० वटा विधेयक सरकारको ५ वर्षको बजेटसम्बन्धीको विधेयक हुन् ।



प्रत्येक वर्ष सरकारले बजेटसम्बन्धी अर्थ विधेयक र विनियोजन विधेयक गरी दुईवटा विधेयक ल्याउने गर्दछ । सरकारले बनाउनुपर्ने ऐनको रुपमा पहिचान गरेको मूल कानुन भने हालसम्म ४५ वटामात्रै बनेको तथ्याङ्कले देखाउँछ । सरकारले पहिचान गरेको ८२ वटा ऐनमध्ये ४५ वटा ऐन निर्माण हुँदा ३७ वटा ऐन अझै बन्न बाँकी नै रहेको छ । बनेका अधिकांश ऐनहरु पनि संशोधन भइसकेको अवस्था छ । प्रदेशसभाले १५ वटा मात्रै संशोधन विधेयक पारित गरेको भएपनि ती विधेयक भित्रबाट ५६ वटा ऐन संशोधन गरि सकेको छ ।

प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार हालसम्म बनेका अधिकांश ऐनहरु एक चरणमा संशोधन भइसकेका छन् भने केही ऐनहरु दोहोरिएरसमेत संशोधन भएका छन् । प्रदेश सरकारले २०७७ सालमा नै केही प्रदेशस्तरका ऐन संशोधन विधेयकमार्फत् एकैपटक ३४ वटा ऐन संशोधन गरेको थियो । त्यतिबेला तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले बनेका अधिकांश ऐनलाई एकैपटक संशोधन गरेका थिए ।

पूर्वमुख्यमन्त्री पौडेलले सरकारबाट बहिर्गमन हुनुअघि पनि प्रदेशसभामा एकैपटक ९ वटा ऐन संशोधन गर्नको लागि विधेयक संसद्मा दर्ता गराएका थिए । तर, केन्द्रमा भएको राजनीतिक उतार चढावको कारण उनले प्रदेशसभामा दर्ता गराएको उक्त विधेयक पारित गराउन पाएनन् । पौडेल नेतृत्वको सरकारले संसद्मा दर्ता गराएको विधेयकमार्फत् यसअघिको गठबन्धन सरकारले उक्त ऐनहरुलाई संशोधन गऱ्यो । नयाँ ऐन कानुन निर्माण सुस्त देखिएको बागमती प्रदेश सरकारले बनाएका ऐन संशोधनमा भने अगाडि देखिएको छ । प्रदेश सरकारले हतारमा ऐन निर्माण गरेर फुर्सदमा संशोधन गर्ने गरेको आरोपसमेत लाग्दै आएको छ ।

प्रदेशसभाले पाँचौ वार्षिकोत्सवको अवसरमा आयोजना गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथी बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेशसभाले जनतासँग सरोकार भएका ऐन, कानून निर्माणमा जिम्मेवार हुनुपर्ने बताएका छन् । उनले जनताको जीनवस्तर सुधार्न प्रदेशसभाले पर्यटन, कृषि, उद्योग र प्राकृतिक जडिबुटीहरुलाई संरक्षण गर्ने ऐन नियमको तर्जुमा गर्नतर्फ अग्रसर हुनुपर्ने बताए । उनले जनतालाई प्रदेशसभा हाम्रो नै हो भन्ने भावना अभिव्यक्त गर्न प्रदेशसभाका सदस्हरुले आफूलाई व्यवहारिक बनाउन आग्रह गरे ।

'नयाँ ऊर्जा र आकांक्षा सहितको नयाँ सरकारमा फराकिलो जनप्रतिनिधित्व र वृहत् समर्थन रहेको छ । यो अवसरलाई केवल सत्ताका लागि सरकार ठानिने पराम्परा तोड्दै जनताका लागि सरकारको अवधारणालाई प्रवलीकरण गर्ने मौकाका रुपमा उपयोग गर्न सक्नुपर्दछ', उनले भने, 'विगतको शिक्षा र वर्तमानको अभ्यासले आगतको खाका तयार पार्ने हो । संकटापन्न आर्थिक अवस्थाको सुधार, निर्यात प्रबर्द्धन, आयात प्रतिस्थापन, कृषि, उद्योग, स्वास्थ्य, रोजगारी, वातावरण संरक्षण र जनजीवनको सुरक्षाजस्ता विषयमा चिन्तन, मनन् र छलफल हुनेछ ।' उनले श्रमजीवि वर्गको जीवनस्तर उकास्ने खालका आधारभूत योजना तर्जुमा गरी शीघ्र कार्यान्वयमा लैजानु अत्यावश्यक रहेको बताए । जनताप्रति जवाफदेही बनाउने कार्यलाई आत्मसमीक्षा गरेर प्रदेशसभाको भूमिकालाई अझै प्रभावकारीसाथ कदम चाल्नुपर्ने उनको भनाइ छ ।

त्यस्तै, प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेश सरकारले प्रदेशको १३ वटै जिल्लामा समानुपातिक विकासमा जोड दिने बताए । उनले विगतको अनुभवलाई समीक्षा गरेर टुक्रे योजनाभन्दा वृहत प्रकृतिका योजनाहरु बाँडफाड गर्ने उनको भनाइ छ । उनले समष्टिगत रुपमा आवश्यकताअनुरुप एक योजनालाई कार्यसम्पादन गर्नेतर्फ प्रदेश सरकारको उच्च प्राथमिकता रहने बताए ।

सरकारले परिणाममूखी विकास योजनालाई लक्ष्यका साथ अघि बढाउन अग्रसर रहेको उनले बताए । जनतालाई विकास आयोजनालाई कार्यान्वयन गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यसम्पादन गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए । प्रदेशका सभामुख भुवनकुमार पाठकले जनताको अपेक्षालाई प्रदेशसभाले ग्रहण गरेर आवश्यक ऐन, कानूनको तर्जुमा गर्नुपर्ने बताए । उनले राष्ट्रिय सरोकारको विषयमा प्रदेशसभाले ध्यानाकर्षण गरी सरकारलाई मार्ग दर्शन गर्नुपर्ने बताए । प्रदेशसभामा विभिन्न राजनीतिक दलको बिचार र सिद्धान्त फरक रहेपनि प्रदेशसभामा निष्पक्ष, पारदर्शी र जवाफदेही बनाउने कार्यलाई शसक्तरुपमा निर्वाह गर्ने उनको भनाइ छ ।

# पोषणबारे ज्ञान लिँदै उपमहानगरका स्वास्थ्यकर्मी

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ हेटौंडा उपमहानगरपालिकाको सबै १९ वडामा कार्यरत् स्वास्थ्यकर्मीहरुलाई पोषण विशेष प्याकेजको बारेमा जानकारी दिन बुधबारदेखि हेटौंडामा तालिम सुरु भएको छ ।



हेटौंडा उपमहानगरअन्तर्गत् वडामा रहेका स्वास्थ्य कार्यालयबाट सेवा प्रवाहको क्रममा आउने सेवाग्राहीहरुलाई पोषणको बारेमा पनि ज्ञान दिनको लागि वृहत पोषण विशेष प्याकेज तालिम सञ्चालन गरिएको हो । सात दिनसम्म चल्ने तालिमलाई पाँचवटा प्याकेजमा विभाजन गरेर सञ्चालन गरिएको हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिनाले जानकारी दिए ।

दीगो विकास लक्ष्यलाई परिपूर्ति गर्न पोषणको विशेष भूमिका हुने हुँदा सो लक्ष्य हासिल गर्न पोषण विशेषमा २० प्रतिशत हिस्सा स्वास्थ्य क्षेत्र र पोषण संवेदनशीलतामा ८० प्रतिशत हिस्सा राष्ट्रिय योजना, कृषि विकास, पशुपंक्षी विकास, महिला बालबालिका क्षेत्र र खानेपानी तथा सरसफाई क्षेत्र रहेको बताइएको छ । उक्त लक्ष्य हासिल गर्न २० प्रतिशत हिस्सा ओगट्ने स्वास्थ्य क्षेत्रलाई सबल बनाउन तालिम आयोजना गरिएको हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंले जानकारी दिए । पाँच प्याकेजमा स्वास्थ्यकर्मीहरुलाई तालिम पश्चात् योजना, कृषि, पशुपंक्षी, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई क्षेत्रका कर्मचारीहरुलाई पनि पोषण विशेष प्याकेज तालिम प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत चौलागाईंले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका सामाजिक विकास समिति संयोजक तथा १६ नम्बर वडा अध्यक्ष रामकृष्ण कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा उपमहानगरपालिकाका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले पछिल्लो समय पोषणयुक्त खाना खाने बानि हराउँदै गएकोमा चिन्ता व्यक्त गरे । प्रवक्ता न्यौपानेले मीठो खाने नाममा शरीरलाई हानि तथा बेफाइदा हुने खाद्य पदार्थ सेवन गर्ने प्रचलन बढ्दै गएको बताए । उनले अब प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा प्रवाह गर्ने क्रममा पोषणको बारेमा व्यापक जनचेतना जगाउन जरुरी रहेको बताए ।

हेटौंडा उपमहानगर पालिका स्वास्थ्य शाखा प्रमुख कृष्ण यादवले सञ्चालन गरेको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चौलागाईंले उपमहानगरका सबै स्वास्थ्यकर्मी तथा अधिकांश कर्मचारी सहभागी हुने गरी सञ्चालन गरिएको तालिममा सक्रियतापूर्वक सहभागी भई तालिम सफल बनाउन आग्रह गरे ।

तालिममा खाद्य विविधिकरण, स्थानीय खानेकुराको महत्व, मातृपोषण, स्तनपान, पूरक वा थप खाना, बहु सुक्ष्म पोषक तत्वहरु, बृद्धि अनुगमन र महत्व, खानेपानी, सरसफाई र स्वच्छता कार्य, सामाजिक व्यवहार परिवर्तन लगायत विविध विषयमा जानकारी दिइने स्वास्थ्य शाखा प्रमुख यादवले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# एकसय ४५ जनामा मोतियाविन्दुको समस्या

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ मकवानपुर र बारा जिल्लामा एकसय ४५ जनामा मोतियाविन्दुको समस्या देखापरेको छ ।

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसले मकवानपुरको बागमती गाउँपालिकाको फापरबारीमा, बारा जिल्लाको भादाह र बाराकै इनर्वासिरामा गरेको आँखा परीक्षण शिविरमा एकसय ४५ जनामा मोतियाविन्दुको समस्या देखापरेको हो ।

मकवानपुरको बागमतीमा भएको शिविरमा दुईसय ११ जनाको आँखा परीक्षण गर्दा २३ जनामा मोतियाविन्दु देखिएको छ । यस्तै, बारा जिल्लाको भादाहमा भएको शिविरमा दुईसय ८२ जनाको परीक्षण गर्दा ७२ जनामा मोतियाविन्दु र बाराकै इनर्वासिरामा भएको शिविरमा दुईसय ८६ जनाको परीक्षण गरिएकोमा ५० जनामा मोतियाविन्दु पाइएको छ ।

मोतिविन्दु देखिएकाहरुलाई बिहीबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा ल्याइने र शुक्रबार शल्यक्रिया गरिने कार्यक्रम संयोजक अमित शर्माले बताए । नेत्र स्वास्थ्य विशेषज्ञ डा. सन्दुक रुइत नेतृत्वको टोलीले आँखाको परीक्षण गरिरहेका छन् ।

लायन्सको आयोजनामा सोमबार बाराको महेशपुरमा भएको शिविरमा तीनसय ९१ जनाको आँखा परीक्षण गरिएकोमा ९२ जनामा मोतियाविन्दु र सर्लाहीको हरिवन नगरपालिकामा भएको शिविरमा तीनसय ३६ जनाको आँखा परीक्षण गरिएकोमा ३६ जनामा मोतियाविन्दु देखिएको थियो ।

# जेसीआई बस्तीपुर हाँडीखोलाको अध्यक्षमा तामाङ पदस्थापित

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ जेसीआई बस्तीपुर हाँडीखोलाको अध्यक्षमा प्रेम गोङ्वा तामाङ पदस्थापित भएका छन् ।

मंगलबार आयोजित विशेष समारोहबीच तामाङ बस्तीपुर जेसीज हाँडीखोलाको सन् २०२३ को अध्यक्ष पदमा पदस्थापित भएका हुन् । उनलाई सन् २०२२ का अध्यक्ष तेजप्रसाद उप्रेती (रमेश) ले शपथग्रहण गराएका थिए । तामाङले बस्तीपुर जेसीज हाँडीखोलाको महासचिवमा कृष्ण यादव, कोषाध्यक्षमा अमृत पाठक र कानुनी सल्लाहकारमा सन्तोष उप्रेतीलाई मनोनित गरेका छन् ।

१२ औं अधिवेशनबाट तामाङको नेतृत्वमा कार्यकारिणी उपाध्यक्षमा सन्तोष उप्रेती र शिवराज उप्रेती, उपाध्यक्षमा सन्दीप पाठक, सुरज बर्तौला, राम गिरी र हरे हटुवाल निर्वाचित भएका थिए ।

आजको कलाकारहरु
राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९
२०७९ माघ ११ देखि २३ गतेसम्म स्थानः टिसिएन चौर, हेटौंडा-१० बिहान १०:०० बजेदेखि साँझ ७:०० बजेसम्म
महोत्सव अवलोकन गर्नु भई मौकाको फाइदा उठाउनुहोस्
सम्पर्कको लागिः ०५७-५२०३१० ५२३३१० ९८५५०७०११०
महोत्सवका आकर्षणहरुः
- ३०० भन्दा बढी स्टलबाट विभिन्न वस्तु तथा सेवाको प्रदर्शनी
- झाँकीसहितको बृहत शोभा यात्रा
- राष्ट्रिय/अन्तर्राष्ट्रिय उत्पादन/सेवाहरुको बृहत व्यापार मेला
- कृषि प्रदर्शनी, स्थानीय मौलिक वस्तुहरुको प्रदर्शनी
- पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरु
- शैक्षिक, घर जग्गा, अटो, खाना तथा सौस्कृतिक मेला
- आई.टी.(सुचना प्रविधि), मोबाइल तथा कम्प्युटर
- हस्तकला प्रदर्शनी
- स्थानीय तथा राष्ट्रिय कलाकारहरुद्वारा मनोरञ्जनात्मक सौस्कृतिक कार्यक्रम
- निःशुल्क मोबाइल सर्भिसिङ
विशेष आकर्षणहरुः
- दैनिक निःशुल्क स्वास्थ्य शिविर
- हेटौंडा आइडल गायन प्रतियोगिता
- हेटौंडा डान्सिङ स्टार प्रतियोगिता
- मनोरञ्जनात्मक बाल उद्यान
"सहभागी बनौं ! सफल पारौं !!"
प्रायोजकः शुभारम्भ_शिवम्सँग शिवम् सिमेन्ट असली OPC सिमेन्ट
मिडिया पार्टनरः कारोबार
इन्टरनेट पार्टनरः FIBERNET
लोगो प्रायोजकः डिसहोम फाइवरनेट, नेपाल इकरात इन्जिनियरिङ्ग कम्पनी प्रा.लि., हेटौंडा, राष्ट्रिय वाणिज्य बैंक हेटौंडा शाखा
टिकट प्रायोजकः Mahalaxmi Bikas Bank Ltd., शौर्य सिमेन्ट इण्डष्ट्रिज लि., सिद्धिसिद्धी सिमेन्ट लि.
सह-प्रायोजकः युनिलिभर नेपाल लि., नेपाल ब्रुअरीज, लक्ष्मी ग्रुप, सहयोगी त्रिवेणी ग्रुप
सह-आयोजकहरुः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बागमती प्रदेश; संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश; कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश
मुख्य आयोजकः मकवानपुर उद्योग वाणिज्य संघ

साझाकुरा

## हाम्रो कुरा

# किरोशी आमाको संख्या घटाउनु चुनौती

नेपालमा कानूनअनुसार २० वर्ष पूरा भएपछिमात्र विवाह गर्न पाइन्छ । कानूनमा विवाह गर्ने उमेर तोकिएको भएपनि समाजमा भने त्यसको उल्लंघन गर्ने गरेको पाइएको छ । मकवानपुर जिल्लामा पछिल्लो समय किशोरीहरु आमा बन्ने क्रमले तीव्रता पाएसंगै कानूनको उल्लंघनको घटनामा बढोत्तरी भएको पाइएको हो । सानै उमेरमा विवाह गर्ने र गर्भपतन गराउनेको संख्या बढ्दै जाँदा प्रजनन् स्वास्थ्यमा गम्भीर चुनौती देखा परेको छ । मकवानपुर जिल्लाको एकमात्र सरकारी हेटौंडा अस्पतालमा सुत्केरी हुन आउने महिलाहरुको संख्यालाई मध्यनजर गर्ने हो भने किशोरी आमा बन्नेहरुको संख्या बढ्दो क्रममा रहेको छ । विगत ६ महिनामा हेटौंडा अस्पतालमा मात्रै एकसय ३७ जना किशोरीहरुले बच्चा जन्माएका छन् । हेटौंडा अस्पतालबाहेक निजी अस्पताल, प्रसुति सेवा सञ्चालन भइरहेका जिल्लाका अन्य सरकारी स्वास्थ्य संस्थाहरुको तथ्याङ्क भने अझै सार्वजनिक भएको छैन ।

पछिल्लो समय सूचना प्रविधिको प्रयोगमा मोबाइल र सामाजिक सञ्जालका कारण सानै उमेरमा विवाह गर्ने र बच्चा जन्माउने क्रम बढेको पाइन्छ । विकट गाउँहरुमा अशिक्षाको कारण तथा सुगममा सामाजिक सञ्जालको दुरुपयोगबाट यो समस्या बढी भएको पाइन्छ । पछिल्लो समय पालिकाहरुले आफूलाई बालमैत्री बनाउने अभियानमा लागेका छन् । मनहरी, बकैया र मकवानपुर गढी गाउँपालिका बालमैत्री घोषणा भइसकेका छन् । हेटौंडा उपमहानगरपालिका र कैलाश गाउँपालिकाले आफूलाई बालमैत्री घोषणा गर्दैछ । यो अवस्थामा किशोरी आमाको संख्या बढ्नु आफैंमा चुनौतीपूर्ण विषय हो ।

शारीरिक, मानसिक, आर्थिक, सामाजिक हरेक दृष्टिकोणबाट किशोरी आमा बन्नु घातक छ । बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउँदै देशलाई नै बालमैत्री बनाउने अभियान चलिरहँदा किशोरी आमाको संख्या घट्नुको साटो बढ्नुलाई कार्यक्रमको प्रभावकारिता र निरन्तरतामा प्रश्न चिन्ह खडा हुनु हो । सामाजिक समस्याको रुपमा रहेको किशोरी आमा बन्ने क्रमलाई रोक्न अब सबैले क्षेत्रले आआफ्नो तवरबाट लाग्नु अपरिहार्य छ । मातृ मृत्युदर, शिशु मृत्युदर घटाउन, सम्बन्ध विच्छेदका घटनामा कमि ल्याउन पनि किशोरी आमा बन्ने दर कम हुनैपर्छ । यो सामाजिक चुनौतीलाई सामना गर्न सबै स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले कानूनलाई कडारुपमा पालना गराउनेतर्फ अग्रसरता लिने बेला आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २० गते शुक्रबार ३ फेब्रुअरी २०२३ । त्रयोदशी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४४ । शौभाग्यसूर्यदान ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : त्रासमय दिन हुनेछ | तुला | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| वृष | : खानपिन राम्रो हुनेछ | वृश्चिक | : पारिवारिक जमघट हुनेछ |
| मिथुन | : शरीरमा बाधा पुग्न सक्नेछ | धनु | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कर्कट | : मन पर्ने उपहार पाइने योग छ | मकर | : कामबाट फुर्सद मिल्नेछ |
| सिंह | : प्रतिष्ठित काम गर्ने मौका छ | कुम्भ | : सहयोगीको राम्रो साथ पाइनेछ |
| कन्या | : आत्म-विश्वास बढ्नेछ | मीन | : रोकिएका काम बन्ने योग छ |

# पिउलान् त ओलीले अपमानको विष ?



✍ प्रतीक प्रधान

नेपालको राजनीतिक अखडामा अहिले रमाइलो कुस्ती भइरहेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच सत्ता खोसाखोसको प्रतिस्पर्धा चलिरहेको छ । अनि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले यसको फाइदा उठाउँदैछन् । विसं २०७९ मंसिर ४ गतेदेखि चलेको यस खेलमा देउवाको दाउ सफल हुँदा पनि 'प्रचण्ड' विजयी भएको देखिन्छ भने ओलीको दाउ सफल हुँदा पनि उनै 'प्रचण्ड'ले जितेको देखिन्छ ।

गत २०७९ पुस १० गते दिउसो साढे १२ बजेसम्म देउवा सफल देखिएका थिए । किनभने 'प्रचण्ड' लाई प्रधानमन्त्री बनाउने 'भद्र सहमति' थियो । तर, त्यही दिन साढे दुई बजे ओली विजयी भएको देखिए । फेरि पनि प्रधानमन्त्री भने 'प्रचण्ड' नै भए । ओलीको सफलतामा राष्ट्रपतिले अत्यन्त हर्षका साथ दाहाललाई प्रधानमन्त्री नियुक्त गरिदिइन् । नयाँ गठबन्धनको सरकारले विश्वासको मत लिनुपर्ने समय आयो । प्रतिनिधि सभाका २७५ सदस्यमध्ये २६८ सांसदले दाहाल सरकारलाई समर्थन गरे । यसपल्ट कांग्रेसले दाहाल नेतृत्वको सरकारलाई समर्थन गरिदियो ।

राजनीतिक दाउपेच खेल्न माहिर देउवाले दाहाल सरकारलाई समर्थन गरेर एमाले-माओवादी र अन्य दलको गठबन्धनको रथ गन्तव्यमा पुग्नबाट रोक्ने छाँट देखाए । यही कोलाहलबीच सत्ता गठबन्धनको सम्झौताअनुरुप सभामुख र उपसभामुखको निर्वाचन त भयो तर केही समय पहिले अत्यन्त तिक्तताका साथ छुट्टिएको ओली-दाहालको दुई पाइलटवाला जोडीले एकआपसमा विश्वास जमाउन नसकेको कारणले भने राजनीतिले नयाँ मोड लिने अवस्था उत्पन्न भएको छ । नेपाली कांग्रेसले आफ्नो सरकारलाई समर्थन गर्नेबित्तिकै २०७८ सालमा ओलीसँग पार पाचुके गरेपछि देउवासँग बिताएका रमाइला पलको संझनाले दाहाललाई पुलकित बनायो भने ओलीलाई नराम्ररी झस्कायो । आफूलाई नेपाली कांग्रेस र शेरबहादुर देउवाको माया लागेर आएको कुरा प्रधानमन्त्री दाहालले केही स्थानमा सार्वजनिकरुपमै प्रकट गरे । त्यतिमात्र होइन, आफ्नो दलको केन्द्रीय समितिको बैठकमा उनले 'ओलीले आफूलाई सबैतिरबाट घेरामा पारे' भनेर दुःखसमेत पोख्न भ्याए ।

यसैबीच रवि लामिछाने प्रकरण पनि ओली र दाहालबीच फाटो ल्याउने कारण बनेको छ । हालका लागि संवैधानिक इजलासको निर्णयअनुसार लामिछानेको पद खारेज भए पनि राष्ट्रिय स्वतन्त्र पार्टीलाई गृह मन्त्रालयसहित तीन मन्त्री र एक राज्यमन्त्री दिने सम्झौताअनुरुप सोही दललाई गृहमन्त्रीको पद दिनुपर्ने धारणा एमालेको देखिएको छ भने यही कुरा दाहाललाई चित्त नबुझेको स्पष्ट देखिएको छ ।

दाहालका निकटतम् माओवादी नेता पनि प्रधानमन्त्रीले आफूसँग कुनै पनि महत्वपूर्ण मन्त्रालय नराखेकोमा रुष्ट छन् । अब उनीहरू गृह मन्त्रालय छाड्ने मनःस्थितिमा देखिँदैनन् । रास्वपाका नवनियुक्त (नयाँ नागरिकता लिएपछि) अध्यक्ष रवि लामिछानेसँग भएको भेटमा निश्चित प्रक्रिया नपुर्‍याइकन रविलेमात्र होइन गृह मन्त्रालय अब रास्वपाले नै पाउँदैन भनेर दाहालले स्पष्ट पारिसकेका छन् । दाहालको यो अडान पनि रास्वपा वा रवि लामिछानेविरुद्ध नभएर केपी शर्मा ओलीलाई एउटा चुनौतीपूर्ण सन्देश हो ।

रास्वपाले गृह मन्त्रालय नपाए सरकारको समर्थन फिर्ता लिने धम्की दिए पनि सो धम्की कति खोक्रो छ भन्ने स्वयम् लामिछाने र ओलीलाई समेत थाहा छ । रास्वपालाई जनताले संसद्मा एक सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छ भन्ने सोच र उत्साहले विजयी गराएर पठाए । तर, सो दलका नेता भने कुनै पनि मूल्यमा सरकारमा जान र टाँसिएर बस्न लालायित देखिए । हुनत, लामिछानेको नागरिकताको मुद्दालाई कमजोर बनाउन सकिन्छ भन्ने सोचका कारण पनि सरकारमा हाम्फाल्न अधीर भएको हुन सक्थ्यो । अब फेरि रवि लामिछानेले आफू अमेरिकी नागरिक हुँदाहुँदै नेपाली नागरिकताको आधारमा नेपाली राहदानी बनाएको मुद्दा उठ्दै छ । त्यसैले पनि रास्वपा सरकारबाट बाहिरिन नचाहने अनुमान सहजै लगाउन सकिन्छ । यो गठबन्धन भत्किएर दाहाल पुरानो गठबन्धनमा फर्के भने पनि रास्वपा सरकारलाई समर्थन गर्न पुग्ला भन्ने अड्कल सहजै गर्न सकिन्छ । परन्तु, राजनीतिमा सँधै आफूले सोचेजस्तो हुँदैन । पहिले देउवाले सोचेजस्तो भएन । पछि विश्वासको मतका क्रममा ओलीले सोचेजस्तो भएन ।

अब राष्ट्रपति बनाउने क्रममा फेरि ओलीले चाहेजस्तो नहुने स्पष्ट संकेत देखिइसकेको छ । उता, राष्ट्रपति बनाइसकेपछि दाहालले चाहेजस्तो नहुने पनि संभावना त छ । दाहालले चाहेजस्तो नहुने भनेको राष्ट्रपति कांग्रेस समर्थनको बनाए पनि यो गठबन्धन टुटाउन उनलाई गाह्रो पर्नसक्छ । तर, यसका लागि केपी शर्मा ओलीले रास्वपाले गृह नपाएको र आफ्नो उमेदवार राष्ट्रपति पदमा पराजित भएको अपमानको विष पिउने सामर्थ्य देखाउनुपर्नेछ ।


निर्वाचन आयोगले राष्ट्रपतिको निर्वाचन फागुन २५ गते र उपराष्ट्रपतिको निर्वाचन चैत ३ गते गराउने घोषणा गरिसकेको छ । फागुन २५ गते एमाले समर्थित उमेदवार राष्ट्रपतिको पदमा विजयी भएनन् भने के एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिन्छ होला त ? हो यहींनिर एमाले अध्यक्ष केपी शर्मा ओलीले कालकूट विष पिउनुपर्ने अवस्था आउँछ । विसं २०७४ सालको निर्वाचनमा कम्युनिस्ट गठबन्धनबाट करिब दुई तिहाइ बहुमत ल्याएर साढे तीन वर्ष सरकार चलाएका ओलीले गठबन्धन कायम राख्न नसक्दा सरकारबाट बाहिरिनु पर्‍यो । सरकार छोड्नुभन्दा मध्यावधि निर्वाचनमा जाने सोच राखेर दुईदुई पल्ट संसद् विघटन गर्दा पनि सर्वोच्च अदालतले उनको मनसुवा पूर्ण हुन दिएन । त्यसबेला संघीय सरकारमात्र होइन प्रदेश सरकारबाट पनि एमाले ओर्लियो । ओलीले लिएका निर्णयका कारण पाएको असफलतालाई सार्वजनिक रुपमा जति लुकाउन खोजे पनि सत्ताको गुलियो चाटेका उनका कार्यकर्ता र आसेपासेलाई सत्ता बाहिर बस्नुपरेको कत्ति पचेको छैन । यो कुरा स्वयम् ओलीले पनि नबुझेका हैनन् । अहिले माओवादी अध्यक्ष दाहालले नेतृत्व गरेको सत्ताबाट बाहिरिँदा संघीय मन्त्री, प्रदेशमा मुख्यमन्त्री, मन्त्री, संवैधानिक निकायका अध्यक्ष र सदस्य, राजदूत र सरकारले नियुक्त गर्ने अन्य सयौं पदहरूको लाभ पाउनबाट एमाले चुक्नेछ । त्यस्तै हजारौं समर्थकहरूलाई घुस खान र कमाउन सक्ने स्थानमा ल्याउन पाउने मौका पनि खेर जान्छ । हुनत, नेपाली कांग्रेस पनि ओली-दाहाल गठबन्धन भत्केला र बाक्लो दाल खाउँला भनेर र्‍याल काढ्दै सत्ता राजनीतिको मैदानमा पछि लागेको कारण यही नै हो । कुनै राम्रो काम गरेर देश उँभो लगाउँला भनेर त पक्कै हैन ।

त्यसैले, यसपल्ट गृह रास्वपाले नपाएको र राष्ट्रपति आफूले नपाएको झोंकमा सरकारबाट बाहिरिने आँट ओलीले सहजै गर्दैनन् । अब चाँडैनै ओलीका समक्ष दाहालको सरकारलाई पाँचै वर्ष समर्थन गरेर आफ्नो दुनो सोझ्याउने कि माओवादी र कांग्रेसको पिरतीमा कैँची चलाएर आफू नेपाली कांग्रेससँग मिल्न जाने भन्ने दुई विकल्पमात्र बाँकी छन् ।केपी ओलीका लागि दुवै विकल्प सहज छैनन् । शेरबहादुर देउवालाई उनले झुक्याएर प्रचण्डको सरकार बनाएको घाउ अझै आलै छ । त्यसैले कांग्रेससँग अर्को गठबन्धन सजिलै हुने सम्भावना छैन । पाँच वर्ष सरकार बाहिर बसेर सम्पूर्ण नेता तथा कार्यकर्ताको मनोबल गिराउने कार्य गर्न निकै ठूलो नैतिक बल चाहिन्छ जुन केपी ओलीले देखाउने सम्भावना अत्यन्त न्यून छ ।

त्यसैले अहिलेको राजनीतिक परिदृश्यमा ओलीले नचाहेको व्यक्ति राष्ट्रपति बनेको खण्डमा पनि अपमानको विष निलेर यही सरकारलाई निरन्तर समर्थन गर्ने बाध्यता उनको देखिन्छ । त्यस्तो अवस्थामा दाहालले कांग्रेसलाई अहिले राष्ट्रपतिको पद उपहारमा दिएर अलिपछि प्रणय गरौंला भनेर थामथुम पार्न सक्छन् । यद्यपि, नेपाली राजनीतिमा कुनबेला कस्तो मोड आउँछ भनेर त देउवाका ज्योतिषले समेत मिलाउन सकेनन् । एउटा विश्लेषकले कति मिलाउला ? त्यसैले, राजनीतिको नाट्यशालामा के कस्ता नाटक मञ्चन हुनेहुन्, हेर्दै जाऔं ।

*साभार:बाह्रखरी*

# रवि लामिछानेले ओढेको 'लोकरिझ्याइँ' को खास्टो



✍ मनिकर कार्की

गत साता दुई घटनाले मुलुक तरंगित बन्यो- इलामका व्यवसायी प्रेम आचार्यको आत्मदाह र निवर्तमान उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नागरिकता अवैध ठहर गर्ने सर्वोच्च अदालतको फैसला । ती दुई घटनाले यो मुलुकको राज्य व्यवस्थाको अवस्था र शासकीय मनोवृत्ति पनि छर्लंग पारिदिएको छ । यसले अपारदर्शी, विकृत अनि भ्रष्ट बन्दै गएको प्रशासनिक संयन्त्रका कारण जनताले दैनन्दिन भोग्नुपरेको सास्ती, हैरानी, उल्झनले आम जनताको जीवन कति दुरुह बनेको रहेछ भन्ने कुरा उजागर गरिदियो । साथै यसले विद्यमान राज्यसत्ताको अर्थ-राजनीतिक भ्वाङलाई पनि छ्याङ्ग पारिएको छ । अनि जनबल र धनबलको सहारामा सत्तासीन सबै अनुहारहरू (नयाँ समेत) ले अजमाउने शक्तिको प्रभाव र त्यो शक्तिले स्थापित गरिदिने कथित सामाजिक हैसियत पनि छर्लंगै पारिदिएको छ ।

***घटना १ - प्रेम आचार्यको हतप्रभ 'आत्मदाह'***

गत माघ १० गते काठमाडौंको संसद भवन अगाडिको चौबाटोमा इलामका प्रेम आचार्यले आफ्नै शरीरमा आगो झोसे । उनलाई वरपर देख्नेहरूले भिडियो खिचे र सामाजिक सञ्जालमा हाले । त्यो ठाउँ एकान्त पनि थिएन र कसैले त्यो घटना नदेखेको पनि होइन । तर, जसले देखे ती केवल साक्षी मात्रै भए । तिनले प्रेमको जल्दै गरेको शरीर बचाउन सकेनन् । केहीबेरमै सो घटना सामाजिक सञ्जालमार्फत उसैगरी फैलियो, जसरी उनको शरीरमा आगोको लप्को फैलिएको थियो । आखिर त्यही आफैंले लगाएको आगोको लप्कोले डढाएर उनको ज्यान लिइछाड्यो ।

प्रेम आचार्यले आत्मदाह गर्नुभन्दा अघि उनले सामाजिक सञ्जाल मार्फत नै साना व्यवसायीहरूको दुःख, पीडा र (अ)मानवीय बन्दै गएको बजार अर्थतन्त्रको बर्बरता, राजनीतिक बेइमानी, राज्यको प्रतिकूल नीतिनियम र प्रशासनिक उल्झनबारे लेखेका रहेछन् । उनले गरिखाने साना व्यापारीहरूले खेप्नु परेको सन्ताप अनि सत्ता र शक्तिको आडमा सानाहरूमाथि हुने गरेका ज्यादतीप्रति लक्षित गर्दै कानुनी, प्रशासनिक एवं व्यावहारिक सुधार गर्नुपर्ने विषयलाई उल्लेख गरेका रहेछन् । अहिले उनको आत्मदाहसँगै उनका विचारहरू पनि सामाजिक सञ्जालमा प्रवाहित भइरहेका छन् । उनले उठाएका सवाल जनजीविकाकै हुन् । जसको यथोचित सम्बोधन हुनु आवश्यक छ ।

यी ज्वलन्त सवालका साथ उनले आफ्नो आत्मदाहलाई यो मुलुकमा व्याप्त विकृति, विसंगति, बेथिति, भ्रष्टाचार, व्यभिचार, कुशासन, कमिसनतन्त्र र लुटतन्त्रले जनजीवनमा पारेको गम्भीर असरलाई उजागर गर्ने माध्यम बनाइदिए । जुन दुर्भाग्यपूर्ण घटना हो । किनकि हामी सबैजसो गरिखाने जनताले कुनै न कुनै रूपमा त्यस्तै उल्झन, हण्डर र ठक्कर खाई नै रहेका छौं । त्यही कुरालाई उजिल्याउन उनले आत्मदाहकै मार्ग अवलम्बन नगरेको भए हुन्थ्यो । तर, घटना घटिसक्यो । अब भविष्यमा अन्य प्रेमहरूले पनि यस्तै मार्ग अवलम्बन गर्न नपरोस् । कसैले आर्थिक एवं सामाजिक जोखिमका कारण आत्महत्या गर्नु नपरोस् । कोही पनि राज्यसत्ता, व्यवस्था र बजार सिर्जित शोक र सन्तापमा पर्नु नपरोस् । यसका लागि राज्य संयन्त्रमा सुधारसहित गरिखाने जनताका लागि उद्यमशील वातावरण निर्माण गर्नु अत्यावश्यक भइसकेको छ ।

***घटना २ - रवि लामिछानेको 'नागरिकता प्रकरण'***

गत माघ १३ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको नागरिकता सम्बन्धी मुद्दामा फैसला गर्दै उनीसँग नेपाली नागरिकता नरहेको ठहर गरिदियो । अदालतको सो फैसलासँगै उनले मन्त्री पदसहित प्रतिनिधिसभा सदस्य र पार्टीको सभापति पद गुमाउन पुगे । यो खबर पनि खरको आगो झैं फैलियो । उनका समर्थकहरूले फैसलालगत्तै सर्वोच्च अदालतको परिसरमा भौतिक रूपमै भेला भएर विरोध गरे भने सामाजिक सञ्जालहरूमा पनि उनको पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूले अदालतको सो कदमको विरोध गर्दै प्रचार गरिरहे ।

तथापि रवि लामिछानेले भने फैसलालगत्तै मन्त्री पदबाट राजिनामा गर्दै आफू अनागरिक भएको र अनागरिकले अब के गर्ने ? भन्ने बारेमा सोच्नै नसकेको प्रतिक्रिया दिएका थिए । उनले सर्वोच्च अदालतको फैसलाप्रति भने कुनै टिप्पणी नगरी फैसलाको सम्मान गर्ने बताएका थिए । त्यसको दुई दिनपछि उनले काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट पुरानै रेकर्ड मुताबिक नयाँ नागरिकता प्राप्त गरिसकेका छन् । लगत्तै उनको पार्टीको केन्द्रीय समितिको बैठकले तत्कालै उनलाई पार्टी सदस्यता प्रदान गर्दै पुनः पार्टी सभापतिमा चयन गरिसकेको छ । केही घण्टाकै अन्तरालमा यी सबै घटनाक्रमहरू सम्पन्न भएर उनी अहिले वैधानिक हिसाबले कानुनतः नेपालको नागरिक भई पार्टी सभापतिसमेत बनिसकेका छन् ।

एकदिन आफ्नै अनिच्छाका कारण (अ)नागरिक कहलिएका रवि लामिछानेले यही देशमा जन्मिएर, यही धर्तीमा खाइखेली गरिरहेका, यहीं पाखुरी बजारिरहेका लाखौं युवा जो नागरिकताबाट वञ्चित छन्, उनीहरूको सकसबारे अनुमान गरे, गरेनन् ? त्यो उनैले जान्ने विषय भयो । तर, तिनै रविले कुनै बेला नागरिकता विधेयक संसदबाट पास हुँदा चर्को स्वरमा विरोध गरेका थिए । यदि रवि लामिछानेको ठाउँमा अन्य कोही जनजाति, मधेशी, थारू, दलित वा कुनै सीमान्तकृत समुदायको व्यक्ति हुन्थ्यो भने नेपालको प्रशासनिक संयन्त्र यसैगरी केही घण्टामै नागरिकता दिन सक्रिय हुन्थ्यो होला ? उसलाई उसैगरी समाजले सहजै स्वीकार गरेर जयजयकार गर्थ्यो होला ? कि उसलाई जालसाजी र किर्ते गरेको आरोपमा झ्यालखानामा हालिन्थ्यो होला ? यी धेरै प्रश्नहरूले मुलुकको एकात्मक सामुदायिक वर्चस्ववादी शासनसत्ता र प्रशासनिक संस्कृतिलाई उजिल्याउँदै राज्यसत्ताको अर्को भ्वाङ देखाएको छ । यी दुई घटनाले सारतः मुलुकको शासन व्यवस्थामा विद्यमान चरहरू र 'व्यक्तिगत हैसियत'का आधारमा नागरिकलाई गरिने फरक व्यवहारलाई पुष्टि गरिदिएको छ । पहिलो घटनामा आफैंले शरीरमा आगो लगाएर आत्मदाह गरेका प्रेम आचार्यको उक्त कदम सुविचारित नै देखिन्छ ।

उनले एक विद्रोहात्मक रूपले सो अवसादपूर्ण कदम उठाए । संभवतः उनले पृष्ठभूमिमा अरब विद्रोहको कारक बनेको ट्युनिसियाली नागरिक मोहमद बाउजीजीको आत्मदाह वा यस्तै कुनै प्रसंगलाई उत्प्रेरक ठानेर त्यो स्तब्ध र हतप्रभ कदम उठाए । अहिले कतिपय व्यक्तिहरूले सोही सन्दर्भलाई जोड्दै अवस्था परिवर्तनका लागि प्रेम आचार्यले सहादत प्राप्त गरेका विचार पनि प्रवाहित गरिरहेका छन् ।

तर, अहिलेको हाम्रो समय र सन्दर्भ अनि अरबी विद्रोहको झिल्कोको रूपमा काम गरेको सन् २०११ को त्यो उत्तर अफ्रिकी र अरबी विश्वको पारिस्थितिकीय अवस्था बिल्कुल फरक छ । किनकि अहिले हामी भर्खरै निर्वाचनको प्रक्रियाबाट गुज्रिएका छौं । लोकतन्त्रमा आवधिक निर्वाचन नै जनताका लागि एकखालको आन्दोलन हो । जनताले अभिमत प्रकट गर्ने माध्यम हो । त्यो माध्यमबाट भर्खरै मात्र आफ्नो जनमत प्रकट गरेको अवस्थामा अहिले नै अर्को कुनै विद्रोह वा आन्दोलनको आँधीबेहरीको परिकल्पना केवल मृगमरीचिका मात्रै हो । किनकि अहिले नेपालमा तत्कालै कुनै विद्रोह वा आन्दोलनले आकार लिने अवस्था छैन ।

तर, एक्काइसौं शताब्दीको दोस्रो दशकको सुरुवाती चरणमा देखापरेको अरब विद्रोहको याम भने अर्कै थियो । यो सन् २०११ को मध्यतिरको कुरा हो । त्यतिबेला सडकछेउमा ठेलागाढामा खानेकुरा बेचेर आफ्नो गुजारा चलाउँदै आएका एक जना ट्युनिसियाली स्नातक सडक व्यापारी मोहमद बाउजिजीको ठेलागाडा विना कारण त्यहाँका सुरक्षाकर्मीले खोसिदिए । उक्त घटनाबाट निकै निराश बनेका उनले आफू निकै लामो समयदेखि बेरोजगार रहनुपर्दाको पीडा र केही गरिखान लाग्दा पुलिस प्रशासनले गरेको दमनविरुद्ध सामाजिक सञ्जालमा एउटा विद्रोही कविता लेखेर आफ्नै शरीरमा आगो झोसी आत्मदाह गरे ।

त्यही विन्दुबाट सुरु भएको ट्युनिसियाली जनविद्रोहले २३ वर्षदेखि एकछत्र शासनसत्ता चलाइरहेका त्यहाँका राष्ट्रपति अबिदिन बिन अलीको एकदलीय तानाशाही शासन पलट भयो र त्यसले समग्र उत्तर अफ्रिका, मध्यपूर्व र अरब विश्वसम्म जागरणमुखी आन्दोलन र विद्रोहको ज्वाला दन्कियो । ट्युनिसियाली जनताको सौर्य, उत्साह र जागरणले एक महिनासम्म जारी रहेको उक्त आन्दोलनलाई ट्युनिसियाली इतिहासमा "जस्मिन रिभोलुसन" (चमेली क्रान्ति) नामकरण गरियो । (स्मरण रहोस् चमेली ट्युनिसियाको राष्ट्रिय फूल हो) । तथापि आन्दोलनको शक्ति संस्थागत नहुँदा त्यसले कुनै सर्वस्वीकार्य नेतृत्व निर्माण गर्न सकेन । परिणामस्वरूप आन्दोलनका उपलब्धिहरू क्रमशः क्षयीकृत हुँदै गए र तीन वर्षको अन्तरालमा त्यहाँ प्रतिक्रान्ति नै भयो । मूलतः चेतनशील र संस्थागत नेतृत्वको अभावकै कारण ट्युनिसियामा क्रान्ति र प्रतिक्रान्तिका विभिन्न परिघटना अद्यापि जारी छन् । त्यहाँ अझै पनि राजनीतिक स्थायित्व र शान्ति कायम हुनसकेको छैन ।

बाउजीजीकै शैलीमा अवसादपूर्ण आतमदाह गरेका प्रेम आचार्यले मुलुकको बेथितियुक्त शासन-प्रशासन र अमानवीय बन्दै गएको बजार अर्थतन्त्रको चेपुवामा पर्नुपर्दाको हण्डर सहन नसकी उक्त कदम उठाए । तर, उनको यो कदमभित्र बिग्रिँदै गएको आर्थिक कारोबार र व्यावसायिक असफलता मुख्य कारक बनेको देखिन्छ । उनले सो कदम उठाउनुअघि आफ्नो बलबुताले भ्याएसम्म राज्यसंयन्त्रसँग जुधे पनि । समाजमा राजनीतिक, सामाजिक र आर्थिक सक्रियता पनि देखाए । बन्दव्यापार र उद्यम गर्नका लागि ऋणधन सबैको जोहो गरेर कारोबार पनि गरे । संभवतः सुरुवाती चरणमा बन्दव्यापार र कारोबारबाट पनि राम्रै सफलता पाए । त्यही सफलताकै आडमा उनले कारोबार बढाउँदै लगे । कारोबारबाट सामाजिक, व्यावसायिक प्रतिष्ठा र आम्दानीसँगै खर्चको अनुपात पनि बढ्दै गयो । त्यसै अनुरूप विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण पनि थप्दै गए । कमाइ पनि थपिँदै र कारोबार पनि बढ्दै गयो । संभवतः उही उपक्रममा उनको कारोबारमा उधारो पनि बढ्दै र दायित्व पनि थपिँदै गयो । हरेक व्यापार-व्यवसाय र कारोबारको उच्चतम जोखिम बहन गर्ने विन्दु हुन्छ । व्यापार व्यवसायमा संलग्न जो-कोहीले आफूलाई सहज हुने विन्दुसम्म मात्रै जोखिम मोल्नुपर्छ ।

त्योभन्दा बढ्दा जोखिम लिइयो भने जोखिम व्यवस्थापन गर्न गाह्रो हुन्छ । संभवतः उनको हकमा पनि त्यही लागू भयो । उनले कारोबार र व्यवसायमा जोखिम थप्दै गए तर, त्यस अनुरूप तरल सम्पत्ति थपिएन । अन्ततः उनी चल्नै नसक्ने अवस्थामा पुगे र निर्विकल्प यो कदम रोजे । आखिर उनलाई यही समाजले त्यो अवस्थामा पुर्‍याएको हो । किनकि समाजले जहिल्यै व्यक्तिको आर्थिक सफलतालाई नै मानक ठान्छ । सोही कुरालाई उनले पनि प्रश्नरहित ढंगले पछ्याउँदै र जोखिमको मात्रा थप्दै गए । अनि त्यही व्यावसायिक जोखिमले उनलाई आत्मदाहको अवस्थासम्म पुर्‍यायो ।

उनले आफ्नो आत्मदाहलाई सामाजिक सञ्जालमार्फत राज्यको विसंगति र बेथितिपूर्ण अवस्थाप्रति आक्रोशको रूपमा अभिव्यक्त गरे । जुन घटनाले आम जनतालाई समेत तरंगित तुल्याइदिएको छ । तथापि विगतमा व्यवसायीहरूले बढ्दै गएको व्यावसायिक जोखिम र दायित्वका कारण आत्महत्या गरेका धेरै दृष्टान्त छन् । प्रेमकै आत्मदाहपश्चात् पनि विराटनगरका एक उद्योगीले पनि व्यावसायिक दायित्व थाम्न नसक्दा आत्महत्या गरेको समाचार आएको छ । यी र यस्ता सबै घटनालाई मसिनो गरी केलाउने हो भने व्यवसायका नाउँमा अत्यधिक र अनियन्त्रित रूपले लिइने जोखिम नै ती घटनाका कारण बन्ने गरेका छन् ।

*बाँकी पृष्ठ-३ मा...*

# संसदमा गणतन्त्र र धर्मनिरपेक्षतामाथि सवाल-जवाफ

काठमाडौं/प्रतिनिधिसभाको छैटौं बैठकमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे सवाल-जवाफ भएको छ ।

गणतन्त्र र राजतन्त्रका पक्षधरहरु सत्ताका लागि मिलेको भनिएको संसदमा यसबारेमा बुधबार जुहारी नै चल्यो । सत्तापक्षका सांसदहरु संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे फरक-फरक अभिव्यक्तिका साथ प्रस्तुत हुँदा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस मौन रह्यो ।

संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे राप्रपाका मन्त्रीहरुको अभिव्यक्तिको विषय बुधबार संसदमा सुरुवातमा उठाउने नेता हुन्- नेकपा एमालेका सांसद रघुजी पन्त । संसदमै वा बाहिर आफ्ना राजनीतिक एजेण्डाबारे बोल्न पाइने तर, संविधान अनुसार शपथ खाएर, राज्यको सेवासुविधामा रहेर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको बर्खिलाप बोल्नुलाई राजनीतिक बेइमानीका रुपमा चित्रण गर्दै उनले शृङ्खलाबद्ध रुपमा प्रश्न उठाए ।

माओवादी सांसद शक्ति बस्नेत र जसपाका सांसद राजकिशोर यादवले एमाले सांसद पन्तकै शैलीमा राप्रपाका मन्त्रीहरुमाथि प्रश्न उठाए । राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही र सांसद धवलशमशेर जबराले संसदमा आफ्ना एजेण्डाबारे बोल्न पाइने भन्दै प्रतिवाद गरे ।

राप्रपाका कतिपय मन्त्रीले हिन्दु राष्ट्र र राजसंस्थाको पक्षमा गरेको वकालतमाथि यसरी संसदमा प्रश्न उठेको हो । यसले अर्को प्रश्न जन्माएको छ - मन्त्री र सांसदको भूमिकामा के अन्तर छ ?

एमाले सांसद पन्तको बुझाइमा कुनै पनि पार्टीको सांसदले आफ्नो र पार्टीको विचार राख्न सक्छ । तर, मन्त्रीलाई त्यो छुट हुँदैन । उनी भन्छन्, 'राप्रपाको आफ्नो विचार होला, त्यो दलले आफ्ना कुरा भन्न सक्छ, सांसदहरुले भन्न सक्छन्, तर मन्त्री भएर यसरी बोल्नु संविधान विपरीत हो ।'

राप्रपाका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री तथा उर्जामन्त्री राजेन्द्र लिङ्देन पनि मन्त्रीहरुको



सीमा हुन्छ भन्ने स्वीकार्छन् ।

प्रधानमन्त्रीले संविधान विरुद्ध बोल्नु कारबाहीको विषय हुने चेतावनी दिएको' प्रश्नमा उनी अनलाइनखबरसँग भन्छन्, 'सांसद मात्रै हुनु र मन्त्री हुनुमा फरक हुन्छ ।' लिङ्देन सरकारमा सामेल भएका प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरूसँग निश्चित सीमाहरू हुने र त्यस्तो सीमा र मर्यादा बाहिर गएर सरकारमा सहभागी भएकाहरूले बोल्न नहुनेमा प्रष्ट छन् । तर, सरकारमा सहभागी नभएका वा सांसद र नेताहरुले आफ्नो एजेण्डा नै बोल्नु पर्छ भन्ने उनलाई लाग्छ ।

बुधबार संसदमा बोल्दै राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही र अर्का सांसद धवलशमशेर राणाले मन्त्रीले बोल्न पाउनुपर्ने जिकिर मात्र गरेनन् बरु फरक विचार राखेका कारण बोल्नमा प्रतिबन्ध लगाउने वा हेप्ने कार्य नगर्न चेतावनी समेत दिए । राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले संविधान बनाउँदा जनताको राय लिइएको र त्यसबेला राजतन्त्र र हिन्दु धर्मको पक्षमा खुलेर सुझाव दिनेहरु समेत रहेको स्मरण गर्न सुझाए ।

'माता सीता नेपालकी छोरी भएको, ३३ कोटि देवता नेपालकै भएको, विश्वको प्रसिद्ध ग्रन्थ वेद नेपालको' भएको बुझ्न आवश्यक रहेको भन्दै उनले कोही नास्तिक नहुने जिकिर गरे । राप्रपाका सांसद धवलशमशेर राणाले संविधानभित्रै रहेर राजासहितको प्रजातन्त्र पुनर्स्थापना गर्ने आफूहरुको नीति रहेको सुनाए । 'हामी फेरि राजासहितको प्रजातन्त्र स्थापना गर्न आएका छौं । यो कुरालाई संविधानले रोक्दैन । हामीले यो बोल्न पाउनुपर्छ, बोल्छौं' उनले भने, 'हामी संविधान र व्यवस्था मान्छौं । यही संविधानभित्र बसेर हामीले बोकेको मूल्य र मान्यता स्थापित गर्छौं ।' संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे बोल्न नपाइने भनी तर्क गर्नेहरुलाई उनको चेतावनी छ, 'हामीलाई हेप्ने काम, होच्याउने काम यो सदनमा आइन्दा नहोस् ।'

**प्रधानमन्त्रीको ध्यानाकर्षण**

राप्रपाका मन्त्रीहरुले संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे बोलेको तर, प्रधानमन्त्रीको स्पष्ट धारणा नआएको भन्दै सत्तापक्षकै सांसदहरुले प्रधानमन्त्रीको ध्यानाकर्षण गरे । यही क्रममा सांसदहरुबीच सवाल-जवाफको स्थिति देखा परेको हो ।

बुधबार एमाले सांसद पन्तले सवालको सुरुवात गरेको भए पनि गत ४ मंसिरको चुनावपछि यस विषयमाथि बहसको सुरुवात भने कानुन न्याय तथा संसदीय मामिला मन्त्री ध्रुवबहादुर प्रधानले गरेका हुन् ।

प्रधानले मन्त्री बन्नु भन्दा केही दिन अगाडि एक अन्तर्वार्तामा सरकारमा सहभागी भएरै गणतन्त्रवादीहरुलाई राजसंस्था र हिन्दु राष्ट्रबाट निक्लनु गलत थियो भन्ने महसुस गराउने राप्रपाको प्रयत्न रहने बताएका थिए ।

गणतन्त्रवादीहरुलाई राजसंस्था र हिन्दु राष्ट्रबाट निक्लनु गलत थियो भन्ने महसुस गराउने प्रयत्नका लागि सरकारमा सहभागी हुन लागेको बताउने प्रधान नै कानुनमन्त्री बनेपछि यस विषयमा राष्ट्रिय सभामा समेत प्रश्न उठिसकेको छ ।

९ माघ २०७९ मा राष्ट्रिय सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले मन्त्रीहरुलाई संघीयताविरुद्ध बोल्ने छुट नरहेको बताए । 'मेरै क्याबिनेटको एक जना मन्त्रीले नै संघीयता खारेज गर्नुपर्छ भन्नुभयो भनेर सुनाउनुभयो माननीय सदस्यले । मेरो गम्भीर ध्यानाकर्षण भएको छ । यो स्पष्टीकरणको विषय हुन्छ' त्यसदिन प्रचण्डले भनेका थिए ।

प्रधानमन्त्री प्रचण्डले स्पष्टीकरण सोध्ने भनेको तर, सोधेको वा नसोधेको जानकारी प्राप्त नभएको भन्दै बुधबार प्रतिनिधिसभामा प्रश्न उठाइएको हो । उल्टै प्रधानमन्त्री र राप्रपाका मन्त्रीहरुको अभिव्यक्ति निरन्तर बाझिइरहेको एमाले नेता पन्त बताउँछन् ।

कानुन मन्त्रीको अभिव्यक्ति पछि प्रधानमन्त्रीले राष्ट्रिय सभामा सचेत गराएको भए पनि शहरी विकासमन्त्रीको त्यस्तै अभिव्यक्ति आएको भन्दै नेता पन्तले आपत्ति जनाए । नेता पन्तका अनुसार प्रधानमन्त्रीले भाषण गरेको भोलिपल्ट शहरी विकास मन्त्री विक्रम पाण्डेले चितवनमा गएर आफ्नो पार्टीले संघीयता स्वीकार नगरेको बताएका थिए । पन्तले मन्त्री पाण्डेको भनाइ उद्धृत गर्दै सुनाए, 'हामीले संघीयता स्वीकार गरेको छैनौं । राजतन्त्रबारे कुराकानी गरेका छौं । धर्मनिरपेक्षताको विरोध गरेका छौं । हाम्रो अडान यथावत् छ ।'

कानुन मन्त्रीको अभिव्यक्ति पछि प्रधानमन्त्रीले राष्ट्रिय सभामा सचेत गराएको भए पनि शहरी विकास मन्त्रीको त्यस्तै अभिव्यक्ति आएको भन्दै नेता पन्तले थपे, 'आधारभूत संरचनाबारे प्रधानमन्त्री र मन्त्रीहरुको धारणा बाझ्नु मुलुकको लोकतन्त्रका लागि राम्रो होइन ।'

धर्मको नाममा राजीनीति गर्दा हिन्दुस्तान, पाकिस्तान र बंगलादेश कुनै पनि देश शान्त नभएको भन्दै उनले संविधानले मार्गनिर्देश गरेको विषयबाट विचलित हुने कार्य स्वीकार्य नहुने बताए ।

एमाले नेता पन्तको भनाइमा माओवादी केन्द्रका सांसद शक्ति बस्नेतले समर्थन जनाए । उनले पनि राप्रपाका मन्त्रीहरुलाई आइन्दा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताबारे नबोल्न चेतावनी दिए ।

'मन्त्रीहरुले संविधान र संविधान भन्दा बाहिर गएर गर्ने टिप्पणीहरु स्वीकार्य हुन सक्दैन' बस्नेतले चेतावनीको शैलीमा भने, 'यस्ता गल्तीहरु आगामी दिनमा नहुन् । यसलाई सच्याइयोस् ।' बस्नेतले संसद र सडकमा बहस हुनसक्ने, तर क्याबिनेटमा बसेर संविधानको मूल्य भन्दा बाहिर गएर गर्ने टिप्पणी स्वीकार्य नहुने दोहोर्याए ।

लगत्तै, राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले आपत्ति जनाए । शाहीको आपत्तिलाई लिएर सांसदद्वय पन्त र बस्नेतले विरोध जनाए । तर, सभामुख घिमिरेले समय दिएनन् । त्यसपछि प्रतिनिधि सभामा समय लिएरै धारणा राख्ने अन्य सांसदहरु अझ चर्को गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाबारे सवाल-जवाफमा उत्रिएका थिए ।

धवलशमशेर पछि बोलेका जनता समाजवादी पार्टी (जसपा)का सांसद राजकिशोर यादवले संविधान अनुसार शपथ खाएर संविधानको बर्खिलाप बोल्दै हिंड्नु राजनीतिक बेइमानी भएको बताए । उनले यस सम्बन्धमा प्रधानमन्त्री प्रचण्डको धारणा माग गरे ।

'प्रधानमन्त्रीले स्पष्टीकरण सोध्छु भन्नुभएको थियो । त्यो स्पष्टीकरण के भयो म जानकारी माग गर्न चाहन्छु' यादवले भने, 'यो रोकिएन भने हामी सदन घेर्न बाध्य हुनेछौं ।' संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी समानुपातिक व्यवस्था कसैको दाइजोमा नआएको उल्लेख गर्दै उनले थपे, 'कसैको र हर र चाहनाको भरमा गणतन्त्रसँग बर्खिलाप गर्न सकिंदैन । मन्त्री पदमा बसेर त्यो पदको दुरुपयोग गर्दै बोल्यो भने जसपा चुप लागेर बस्न सक्दैन ।' यादव बोलेलगत्तै राप्रपाका धवल शमशेरले आपत्ति जनाए । तर सभामुखले राणालाई पनि समय दिएनन् ।

*(स्रोत: अनलाइनखबर)*

# संकट टार्न क्रिकेट संघमा अर्ली इलेक्सन




काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान)ले कार्यसमितिको 'अर्ली इलेक्सन'को निर्णय गरेको छ । पोखरामा बुधबार सम्पन्न बैठकले जिल्ला र प्रदेशको प्रक्रिया टुंग्याएर जेठ मसान्तसम्म केन्द्रीय निर्वाचन सम्पन्न गर्ने निर्णय गरेको हो ।

असोज, २०७६ मा निर्वाचित भएको क्यान कार्यसमिति (बोर्ड) को पदावधि सकिनु पाँच महिनाअगावै निर्वाचन गर्ने घोषणा गर्नुलाई नेपाल टी-२० लिगका कारण परेको संकटको 'सुरक्षित अवतरण' प्रयासका रुपमा हेरिएको छ । किनकी क्रिकेट संघको 'फ्लागसिप टुर्नामेन्ट' नेपाल टी-२० लिगमा स्पट फिक्सिङ भएपछि कार्यसमिति सदस्यहरुले नै अध्यक्षको राजीनामा मागेका थिए । मंगलबार कार्यसमितिको बैठकका लागि पोखरा पुगेका सात सदस्यले अध्यक्ष चतुरबहादुर चन्दको राजीनामा माग गर्दै बैठक बहिस्कार गरेका थिए ।

टी-२० लिगको सञ्चालक परिषद अध्यक्ष रहेका कार्यबाहक सचिव प्रशान्तविक्रम मल्लले कार्यबाहक सचिवबाट राजीनामा दिएपनि चन्दले दिएनन् । बरु एक महिनापछि साधारणसभा बैठक बोलाएका छन् भने ३३ प्रतिशत सदस्यको हस्ताक्षर लिएर आउन राजीनामा माग गर्नेहरुलाई चुनौती दिएका छन् ।

एक पदाधिकारीका अनुसार १४/१५ फागुनमा सुर्खेत साधारणसभाले नयाँ कार्यसमितिको निर्वाचन तालिका तय गर्नेछ । जुन निर्वाचनबाट आउने कमिटीले अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को प्रत्यक्ष संलग्नतामा विधान संशोधनसँगै निर्वाचनमार्फत आएको चन्द नेतृत्वको कार्यसमितिलाई विस्थापित गर्नेछ ।

११ असोज २०७६ मा निर्वाचन चन्द नेतृत्वको कार्यसमितिको साढे तीन वर्ष आन्तरिक विवादमा रुमल्लिरह्यो । 'ठूलो' मात्रामा अन्तर्राष्ट्रिय सहयोग आउने फुटबल, क्रिकेट, ओलम्पिक कमिटीजस्ता खेल संघमा आन्तरिक विवाद पनि उत्तिकै हुनु नेपालमा नौलो अभ्यास होइन ।

राखेपले मनोनित गर्ने दुई प्रतिनिधिसमेत गरी १९ सदस्यीय क्यानको बोर्डमा सुरुदेखि नै शक्ति सन्तुलन मिल्न सकेन । धेरैजसो समय बैतडीमै रहेर नेपाली कांग्रेसको राजनीति गर्ने अध्यक्ष चतुरबहादुर चन्दको कार्यशैली र व्यवस्थापकीय क्षमतामा नेपाल टी-२० लिगको आयोजना निर्णययता नै प्रश्न उठ्न थालेको थियो ।

यसबीचमा निर्वाचित उपाध्यक्ष राजुबाबु श्रेष्ठ र सचिव अशोकनाथ प्याकुरेलले राजीनामा दिएपछि नेतृत्व केही दबावमै थियो । निर्वाचनमा अध्यक्षका उम्मेदवारका रुपमा चन्दको प्यानल नै निर्वाचित भएको थियो । प्रमुखत: आर्थिक गतिविधिमा सचिव प्याकुरेलको मतभेद सुरु भएपछि सदस्यहरु ऋषिराम गौतम, अमितवीर पाण्डे, दाउद अन्सारी लगायतले पनि उनलाई साथ दिए ।

समिति निर्वाचित भएको पहिलो वर्ष नै संघको केन्द्रीय कार्यालयमा मूलपानीमा फर्निचर लगायतका लागि ३५ लाख रुपैयाँ खर्च गर्दा प्रक्रिया नमिलेको, जिल्ला र प्रदेश संघलाई अनुदानमा दिन ५२ लाख बराबरको सामान खरिद गर्दा सार्वजनिक खरिद प्रणाली नअपनाइएको भन्दै सचिव प्याकुरेलले चेकमा हस्ताक्षर गर्न मानेका थिएनन् । क्यानका अध्यक्ष चन्द तथा अन्य पदाधिकारीसँग सचिव प्याकुरेलको कार्यसमिति बैठकमै भनाभन परेको समितिका एक सदस्य बताउँछन् ।

'क्यानभित्रको किचलो वास्तवमा त्यतिबेलै सुरु भएको हो । उपाध्यक्ष श्रेष्ठ र सचिव प्याकुरेल त्यही कारणले बाहिरिएका हुन् । त्यो देखेपछि बाँकी केही सदस्यहरुले भित्रैबाट विरोध गर्न थाले,' कार्यसमितिका ती सदस्यले भने ।

चन्द नेतृत्वको क्रिकेट संघको सबभन्दा अदूरदर्शी क्षमता र कार्यसञ्चालन शैलीको पटाक्षेप अघिल्लो महिना काठमाडौंमा सम्पन्न नेपाल टी-२० लिगमा भयो । अध्यक्ष चतुरबहादुर चन्द, कार्यवाहक सचिव प्रशान्त विक्रम मल्लहरुकै जोडबलमा भित्र्याइएको प्रतियोगिताको मुख्य साझेदार कम्पनी सेभेन थ्री स्पोर्टस लाइभ बेटिङ र स्पट फिक्सिङमा प्रत्यक्ष संलग्न रहेको पुष्टि भयो ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)को अनुसन्धानमा स्पट फिक्सिङ पुष्टि हुनु, राष्ट्रिय खेलकुद परिषद (राखेप)को छानविन समिति निलम्बनसम्मको कारबाहीका लागि सिफारिस गर्नु र साझेदार कम्पनी आफूलाई जानकारी नदिई फरार हुनुले चन्द सहितका पदाधिकारी दबावमा परिसकेका थिए ।

अघिल्लो साताको मंगलबार पत्रकार सम्मेलन गरेर क्यान अध्यक्ष चन्दले मुख्य साझेदार कम्पनी छनोट र सम्झौताको प्रक्रियामा आफूहरुबाट गल्ती भएको स्वीकार मात्र गरेनन्, कमजोरी सच्याउन अवसर देऊ भन्दै अनुनय विनय गरे । पोखरामा बोर्ड बैठकको पहिलो दिन सुरुमै ७ जना असन्तुष्ट सदस्यहरुले अध्यक्ष र सचिवसहित कार्यसम्पादन समितिका पाँच जनाको राजीनामा मागेपछि अध्यक्ष चन्दले अर्ली इलेक्सनमा जाने निर्णयमा पुगेका हुन् ।

'क्यानमा जोडिइरहनु भन्दा यसलाई सेफ ल्याण्डिङ गर्न पाए राम्रो हुन्छ भनेर यो निर्णय गरेका हौं,' क्यान अध्यक्ष चन्दले भने, 'राम्रो मनासयले काम गर्न खोज्दा सानो सानो कुराहरुमा अनावश्यक विवाद भइराख्ने हुन थाल्यो । हामीले सम्बन्धित निकायमा पनि सोध्यौं, उहाँहरुले पनि ग्रिन सिग्नल दिएपछि अगाडि बढेका हौं ।' बोर्ड बैठकका लागि पोखरा जानुअघि अध्यक्ष चन्दले राखेप सदस्यसचिव टंकलाल घिसिङसँग भेट गरेका थिए ।

आफैंले बनाएको समितिको प्रतिवेदन कार्यान्वयनका लागि आईसीसीसँग समन्वयन भइरहेको बताएको राखेप, क्यान नेतृत्वसँग सहज नदेखेको पाएपछि चन्दले अर्ली इलेक्सनको विकल्प अघि सारे । कार्यसमितिमा उपाध्यक्ष र सचिव पद खाली भएको तथा कार्यसमिति सदस्यहरुले पनि राजीनामा मागेको भन्दै उनले भने, 'हामीले अझै चाँडै निर्वाचन गर्न चाहेका थियौं, तर वैशाखसम्म हाम्रो प्रतियोगिताको तालिका निकै व्यस्त छ ।'

क्रिकेट संघको वार्षिक साधारणसभा १४-१५ फागुनमा सुर्खेतमा आयोजना हुँदैछ । यो साधारण सभाले जिल्ला र प्रदेश हुँदै केन्द्रिय निर्वाचनको तालिका पारित गर्नेछ । क्यानले अहिलेसम्म २० जिल्लाको निर्वाचन सम्पन्न गरिसकेको छ, तर नयाँ खेलकुद ऐन र नियमावली अनुसार राखेपको स्वीकृति नभएका कारण पुन: निर्वाचन गर्नुपर्ने अवस्था पनि आउनसक्छ ।

क्यानको ४४ जिल्लामा जिल्ला कमिटी विस्तारित छ । आगामी निर्वाचनमा साविकको ३९ जिल्लाबाट मात्र मताधिकार प्रतिनिधि सहभागी हुनेछन् । कर्णालीको जाजरकोट, रुकुम पश्चिम र सल्यान तथा गण्डकीको बाग्लुङ पर्वतलाई जिल्ला सदस्यका रुपमा विस्तार गर्ने निर्णय यही कार्यकालमा भएका कारण उनीहरुको मताधिकार सहितको उपस्थिति हुने छैन ।

कार्यसमितिका दुई जना (उपाध्यक्ष र सचिव)ले राजीनामा दिएका कारण यसपल्टको निर्वाचनमा निर्वाचित १७ मध्ये १५ जनाले मात्र नयाँ कार्यसमितिका लागि मतदान गर्नेछन् । ३९ जिल्लाबाट एक एक प्रतिनिधि, सातवटा प्रदेशबाट २१ जना र कार्यसमितिका १५ जनाले नयाँ कार्यसमितिका लागि मतदान गर्न पाउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# रवि लामिछानेले ओढेको...

किनकि ऋणमा पाइएको नगद वा सम्पत्ति तत्कालका लागि मुतमा प्राप्त धन साबित हुन्छ र त्यसले व्यक्तिको अनावश्यक खर्च बढाइदिन्छ । जब ऋणमा खेल्ने बानी पर्छ, तब ऋण थपिंदै जान्छ र ऋणले ऋण सल्टाउने चक्र सुरु हुन्छ । त्यसपछि मिटरब्याजी ऋण थपिन्छ र त्यही मिटर ब्याजको गलपासोमा प्राण जान्छ । यो हामीले आँखै अगाडि देखेका, भोगेका तथ्यहरू हुन् । बस् फरक यति मात्र हो कि ती अनगिन्ती घटनाहरू रिपोर्टमा आएका छैनन् र आउने पनि छैनन् । अर्थतन्त्रमा विद्यमान संकट र राज्यको असहयोगी व्यवहारका कारण प्रताडित व्यवसायी थपिंदै छन् ।

राज्यले नीतिगत र क्षेत्रगत प्राथमिकता अनुरूप आर्थिक नीति तय गरेको छैन । साना व्यवसायी, उद्यमी र गरिखाने जमातलाई अर्थतन्त्रको औपचारिक संरचनामा छिर्ने सहज मार्ग प्रदान गरेको छैन । सानालाई सहयोग हुने नीति र कार्यक्रम ल्याएको छैन । बरु व्यवहारमा सानालाई ऐन, ठूलालाई चैनको नीति नै कायम छ । उही प्रशासनिक डण्डाकै भरमा शासन चलेको छ । त्यसैले समाजले यी आत्महत्याका घटनाहरूलाई पनि मूलत: व्यावसायिक असफलता र जीवनसँगको हारको परिणतिका रूपमा अभिलेख गर्ने गरेको छ ।

राज्यको यस्तै विसंगति र बेथितिपूर्ण अवस्थाबाट जनतालाई 'मुक्ति दिने' उद्घोष गर्दै टेलिभिजनको रंगीन दुनियाँबाट राजनीतिमा हाम फालेका रवि लामिछाने अहिले आफैं राज्यव्यवस्था र कानुनी जटिलताको फन्दामा परेका छन् । उनले आफू निर्वाचित भएर गृहमन्त्री बन्ने बेलासम्म सयौं पटक भाषण गर्दै कानुनी राज्य र नीतिनियमको पालना गर्दै नागरिकलाई सुशासन दिने उद्घोष गर्दथे । आफू गृहमन्त्री भइसकेपछि पनि मन्त्रालय मातहतका राज्यका अंगहरूलाई दर्जनौं पटक नीतिनियमको पालना गर्दै काम गर्ने निर्देशन दिएर चर्चामा आइरहे । तर, उनी आफैं भने कानुनत: विद्यमान व्यवस्थाप्रति कत्ति पनि गम्भीर रहेनछन् भन्ने कुरा साबित गरिदिए । किनकि उनको राजनीतिक आगमनको वैधानिकतामै प्रश्न रहेछ । उनी कानुनत: नेपाली नागरिक नभइकनै दल खोलेर चुनावी प्रक्रियामा सामेल भएका रहेछन् ।

त्यसो त नेपालको विद्यमान कानुन अनुरूप रवि लामिछानेको नागरिकता वैध छैन भन्ने कुरा उतिबेलै उठेको हो । उनी निर्वाचित भएर गृहमन्त्री बनाइँदासम्म राज्यको कुनै पनि निकायले सो विषयलाई गम्भीर रूपमा नलिंदा नेपालको राज्यसत्ता कति निम्छरो रहेछ भन्ने पुष्टि भएको छ । अनि रवि लामिछाने आफैंले पनि विद्यमान कानुनी प्रावधान हेरी आफ्नो कमजोरी सच्याउन सक्थे । त्यसमाथि सार्वजनिक रूपमै प्रश्न उठेपछि झन् त्यसलाई अवसरको रूपमा प्रयोग गर्न सक्थे । उनीसँग आफ्नो त्रुटि सच्याउन प्रशस्त समय पनि थियो । तर, टेलिभिजनमार्फत 'जनताका मुद्दा' उठाएर चर्चा र 'स्याबासी' पाएका रविले त्यो लेठो गर्न जाँगर गरेनन् ।

किनकि सायद उनलाई टेलिभिजनको लोकप्रियताले आफैंलाई 'कानुन' बनाइदिएको भ्रम पर्न गयो । सायद उनलाई सबैको रक्षक बन्न पुगेको भ्रम पर्न गयो । सामाजिक सञ्जाल र मिडियाहरूमा उनीलक्षित प्रश्नप्रति उनी आफ्नो टेलिभिजन शोमार्फत नै हुँकार गर्दै- आफूलाई जनताको पक्षमा बोल्न कुनै प्रेसपास र नागरिकताको कागजी खोस्टाको आड लिनु जरूरी नभएको तर्क गर्दथे । आखिर रवि लामिछानेमा त्यस्तो उन्मुक्त अभिव्यक्ति कसरी आयो ? कहाँबाट पाए उनले त्यो शक्ति ? कसले दियो त्यो शक्ति ? अनि कसरी आफू शक्तिशाली भएको अनुभूति गरे ? संभवत: राज्य र कुलीनतन्त्रलाई प्रश्न गर्दै उदाएका रविको वैचारिकी नै त्यही लोकरिझ्याईंको दुहाई थियो, जसमा उनी सफल पनि भए ।

अनि त्यही लोकरिझ्याईंले आर्जन गरेको शक्तिकै उन्मादमा उनी पनि क्रमश: महत्वाकांक्षी बन्दै गए । लोकरिझ्याईंवादकै खास्टो ओढेर टेलिभिजन शोमार्फत कमाएको लोकप्रियतालाई राजनीतिक शक्तिमा रूपान्तरण गर्ने ध्येयका साथ उनी राजनीतिमा होमिए । जनताले रवि लामिछानेलाई पुरातन सोच, शैली र नेतृत्वले थिलथिलो भएका पारम्परिक पार्टीहरूको विकल्पको रूपमा चुने । र, उनको पार्टीले गएको प्रतिनिधिसभा निर्वाचनमा ऐतिहासिक सफलता पनि पायो । उनी आफैंले सोचेभन्दा धेरै शक्ति हासिल पनि गरे ।

तर, जनताले उनलाई दिएको मतादेश अनुरूप उनले आगामी राजनीतिक यात्रा तय हुनेमा भने सन्देह देखिन थालेको छ । किनकि उनका हरेक गतिविधिभित्र त्यही 'लोकरिझ्याईं'वाला वैचारिकी नै अभिव्यक्त हुने गरेको छ । अनि निर्वाचनपछिका उनका बोली र व्यवहारबीच पनि दूरी बढ्दै गएको देखिन्छ । उनले जे-जसरी सरकारमा जान हतार गरे र त्यसयता जेजस्ता परिघटनाहरू आन्तरिक एवं बाह्य रूपमा देखा पर्दैछन् ती सबै उनको यथोचित राजनीतिक निरन्तरताका लागि प्रश्नवाचक बनेका छन् । तथापि भोलिको अनुमान अहिल्यै गर्नु हतारो हुनेछ ।

उनमा पलाउँदै गरेको दम्भ र अहंकारको आकार क्रमश: बढ्दै जाँदा लोकरिझ्याईंको खास्टो भने उघारिंदै जानेछ । आखिर उनी वैधानिक र कानुनी हिसाबले राज्यको जुन व्यवस्था सुधार्ने कुरा गर्दैथिए, आफ्नै नागरिकताको सवालमा भने त्यही राज्यको विद्यमान सामान्य कानुनी प्रक्रिया अवलम्बन गर्नमा समेत उनी इच्छित देखिएनन् । यसर्थ, दिवंगत प्रेम आचार्यले जसरी जनजीविका सम्बन्धी 'विद्रोह' का लागि गरेको हतप्रभ आत्मदाहले तत्कालै विद्रोहको जग हाल्न सक्दैन, त्यसरी नै राजनीतिमा विद्यमान 'फोहोर' सफा गर्न राजनीतिमै छिरेका रवि लामिछानेको लोकरिझ्याईंकेन्द्रित अभिव्यक्ति र हाउभाउले व्यवस्थामा देखिएका अर्थ-राजनीतिक भ्वाङ टालेर जनतालाई सुबिस्ता दिलाउन उति सहज देखिंदैन ।

*(साभार: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक




वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# बेरुजु घटाउन सरकारी कार्यालयलाई निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले सरकारी कार्यलयहरुलाई बेरुजु घटाउन निर्देशन दिएका छन् ।



भौतिक पूर्वाधार विकास मन्त्रालयको अर्धवार्षिक समिक्षा कार्यक्रमको समापन समारोहमा बोल्दै मन्त्री थपलियाले सरकारी कार्यालयहरुलाई बेरुजु घटाउन निर्देशन दिएका हुन् । उनले विभिन्न खर्चपछि बेरुजु धेरै देखिन थालेकोले यसलाई घटाउन विशेष ध्यान दिन निर्देशन दिए । बजेट सहि ठाउँमा कार्यान्वयन गर्ने, बेरुजु नहुने गरी बजेट निकासा गर्ने र त्यसको उपलब्धि पनि अध्ययन हुनुपर्ने उनको भनाइ छ ।

अर्धवार्षिक समिक्षाको समय भएको अवस्थामा विनियोजित बजेटलाई यथासक्य उपलब्धि हासिल हुने गरी खर्च गर्नेतर्फ ध्यान दिन जरुरी रहेको मन्त्री थपलियाले जोड दिए । प्रदेशको समग्र भौतिक पूर्वधार विकासको लागि मन्त्रालयको कार्यसम्पादन महत्वपूर्ण रहेकोमा जोड दिँदै उनले आयोजना छनौटदेखि नै विशेष ध्यान दिन कर्मचारीलाई आग्रह गरे ।

बजेट खर्चमात्र गर्नेभन्दा पनि गुणस्तरीयरुपमा आयोजनाको काम भयो कि भएन भन्नेतर्फ पनि प्राविधिक कर्मचारीले ध्यान पुऱ्याउन उनले सचेत गराए ।

बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री युवराज दुलालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्य सचिव मुकुन्द निरौला, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, भौतिक पूर्वाधार मन्त्रालयका सचिव, बागमती प्रदेशका यातायात पूर्वाधार निर्देशनालयका प्रमुख लगायतका उपस्थिति थियो ।

# किसानलाई दूधमा ५ रुपैयाँ अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेश सरकारले सहकारी मार्फत् दूध बिक्री गर्ने किसानलाई एक लिटरमा ५ रुपैयाँ अनुदान दिने भएको छ ।

सरकारले अनुदान रकम सहकारीलाई दिने र सहकारीले किसानलाई दिने भएको हो । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाका निमित्त निर्देशक डा. बज्रकिशोर ठाकुरका अनुसार त्यसका लागि दुग्ध उत्पादक कृषि सहकारी संस्थाहरुबाट आवेदन संकलन गरी अध्ययन गरिरहेको छ ।

प्रदेशको ३ वटा जिल्लाको आवेदन प्राप्त हुन बाँकी भएको भन्दै उनले त्यसको समेत अध्ययन गरेर फागुन मसान्तभित्र सबै सहकारीलाई अनुदान रकम प्रदान गर्ने बताए । बागमतीको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दूधमा अनुदान दिन यो वर्ष ३० करोड रुपैयाँ बजेट छुट्याएको छ ।

मासिक एकहजार पाँचसय लिटर दूध संकलन गर्ने र वार्षिक कम्तिमा दुई सय दिन दूधको कारोबार गर्ने दुग्ध उत्पादन सहकारीमात्र अनुदान कार्यक्रममा सहभागी हुन पाउँछन् । बागमती सरकारले २०७६ सालदेखि दूधमा नगद अनुदान दिँदै आएको छ ।

# करारका कर्मचारीको म्याद थपिएन

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ हेटौंडा उपमहानगरपालिकाले करारमा कार्यरत् ७१ जना कर्मचारीको म्याद नथप्ने निर्णय गरेको छ ।



उपमहानगरपालिकाको कार्यपालिका बैठकले करार कर्मचारीलाई म्याद नथप्ने निर्णय गरेसँगै उनीहरुको जागिर गएको छ । यसअघि पुस मसान्तसम्म म्याद राखेर कर्मचारीहरुहरुलाई राखिएको थियो । करारका कर्मचारीहरुको पुस मसान्तसम्मको म्याद नथप्ने निर्णय भएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

उपमहानगरपालिकामा चौथो तह, पाँचौ तह र छैटो तहसम्मका ७१ जना कर्मचारी करारमा कार्यरत् थिए । प्रवक्ता न्यौपानेका अनुसार दरबन्दी अनुसार पदमा अपुग भई तत्कालको लागि कार्यालयलाई आवश्यक जनशक्ति करारमा नियुक्त गरिएको थियो । ती पदहरुमा लोकसेवाबाट धमाधम कर्मचारी पठाइएपछि उनीहरुको म्याद नथपिएको उनले बताए ।

'कम्प्युटर अपरेटर, स्वास्थ्य, प्रशासन, प्राविधिक कर्मचारीको पुस मसान्तपछि म्याद थप नगरिएको हो,' न्यौपानेले भने । हटाइएका कर्मचारीहरुलाई करारमा नियुक्ति गर्दा परीक्षाको सामान्य प्रक्रिया पनि पूरा नगएिको र तोक आदेशका भरमा जागिर खाएकाले हटाइएको १ नम्बर वडा अध्यक्षसमेत रहेका प्रवक्ता न्यौपानेले बताए । जिल्लाका बागमती, मकवानपुरगढी लगायत स्थानीय तहले पनि करारका कर्मचारी यसअघि हटाएका थिए ।

# थाहाबाट घाइते चितुवाको उद्दार



साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ थाहा नगरपालिकाबाट घाइते चितुवाको उद्दार गरिएको छ । चितुवा थाहा नगरपालिका-२, स्थित कोलाचौरमा घाइते अवस्था भेटिएको थियो ।

स्थानीय नवराज ढकालको घर वरपर बुधवार बिहान करिब ७ बजे बिरामी अवस्थामा भेटिएको चितुवालाई उद्दार गरिएको स्थानीय शम्भु अधिकारीले जानकारी दिए । चितुवा १ मिटर ८० सेन्टिमिटर लम्बाई र करिब २५ केजी तौल रहेको जनाइएको छ ।

चितुवालाई राप्ती डिभिजन वन कार्यालय मनहरीको जिम्मा लगाइएको छ । घाइते चितुवालाई उपचारको लागि चितवन राष्ट्रिय निकुञ्जको अस्पताल लगिने राप्ती डिभिजन बनका जमदार हस्तबहादुर थापामगरले जानकारी दिए ।

राप्ति डिभिजनबाट उद्दार गर्ने सवारीसाधन थाहा नगरपालिका पुगेको थियो । चितुवालाई भेटेपछि स्थानीयले इलाका प्रहरी कार्यालय पालुङ र सब डिभिजन वन कार्यालय पालुङलाई खबर गरेका थिए ।

मकवानपुरमा पछिल्लो समय संरक्षित जनावारहरु धेरै भेटिने गरेका छन् । यसअघि हेटौंडाको १ नम्बर वडा अन्तर्गत् भैरबडाँडा, लालझाडी, एकतारे क्षेत्रमा हप्ता दिनसम्म बाघ देखा परेको थियो । मकवानपुरको ५ र ६ नम्बर वडामा पनि चितुवा देखा परेको थियो । बाघ र चितुवाबाट हेटौंडा र मकवानपुरगढीका किसानको बाखा, गाईसमेत क्षति पुगेको थियो ।

# एकल महिलालाई बाख्रा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ का १४ जना एकल महिलाहरुलाई बाख्रा वितरण गरिएको छ ।



एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन मानव अधिकारका लागि महिला, एकल महिला समूह मकवानपुरको समन्वयमा र हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ को सहयोगमा बाख्रा वितरण गरिएको हो ।

समूह मकवानपुर वडा नम्बर ८ की अध्यक्ष सरिता अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बोल्दै वडा अध्यक्ष रामकृष्ण थापाले एकल महिलाहरुलाई जीविकोपार्जन र आत्मनिर्भर बनाउन वडा कार्यालय तयार रहेको र अझै ५ लाखसम्म सहयोग गर्न तयार रहेको बताए ।

कार्यक्रममा वडा सदस्यहरु गोरखनाथ राय, रीता मंग्राती, समाजसेवीहरु गोपिनी खतिवडा, हरि माया ढकाललगायतले मन्तव्य व्यक्त गरेका थिए । मानव अधिकारका लागि महिला, एकल महिला समूह बागमती प्रदेश अधिकृत अप्सरा ढकालले सहजीकरण गरेको कार्यक्रममा समूहकी जिल्ला सदस्य कल्पना आचार्य, वडा नम्बर ८ की सचिव जानकी घिमिरेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# मकवानपुरलाई उज्यालो बनाउने अभियान सुरु: राज्यमन्त्री सिंह

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ ऊर्जा, जलश्रोत तथा सिंचाइ राज्यमन्त्री दीपकबहादुर सिंहले मकवानपुरको केहि भू-भागमा अझैपनि विद्युत् नपुगेको भन्दै ती स्थानहरुमा विद्युत् लगेर उज्यालो बनाउने अभियान सुरु गरिसकेको बताएका छन् ।




राप्रपा मकवानपुरले गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै राज्यमन्त्री सिंहले मकवानपुर जिल्लामा बाँकी रहेको क्षेत्रमा विद्युतीकरणको काम सुरु गर्न पहल सुरु भैसकेको बताएका हुन् । कार्यक्रममा बोल्दै सिंहले पार्टीको मूल्य मान्यतालाई कुर्सीसँग नसाट्ने पनि दाबी गरे । राप्रपाले सरकारमा सहभागिता जनाएर विकास गर्ने र पार्टीको बिचार र सिद्धान्तलाई पनि थप बलियो बनाउने प्रण गरेको उनको भनाइ छ ।

राज्यमन्त्री बनेपछि पहिलोपटक गृह जिल्ला आइपुगेका सिंहले मकवानपुर जिल्लाले संघीय सरकारमा पाएको प्रतिनिधित्वको फाइदा देख्ने गरी पाउने बताए । आफूले निर्वाचनको समयमा मकवानपुरे जनतासँग गरेको बाचा नभुलेको भन्दै बाचा पूरा गर्ने सबालमा आफू निर्वाचित भएकै दिनबाट लागिसकेको दाबी गरे ।

# जीएस निकेतनले मनायो अभिभावक दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालय (जीएस)ले २० औं अभिभावक दिवस मनाएको छ ।

जीएसले बुधबार विभिन्न कार्यक्रम गरेर २० औं अभिभावक दिवस मनाएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा विद्यार्थीहरुले बनाएका विभिन्न सामग्रीहरुको स्टल राखिएको थियो ।

विद्यालयले उत्कृष्ट विद्यार्थी, उत्कृष्ट अभिभावक, उत्कृष्ट शिक्षक र कर्मचारीलाई नगदसहित सम्मान गरेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमाल, विद्यालय सञ्चालक समिति अध्यक्ष जीधराज ढकाल, अभिभावक संघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नि:शुल्क दन्त शिविर पनि सञ्चालन गरिएको थियो ।

# माघ २२ गतेको लागि प्रदेशसभा बैठक आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशसभाको दोस्रो कार्यकालको तेस्रो बैठक माघ २२ गतेको लागि बोलाइएको छ । प्रदेशसभाको बैठक गत माघ ३ गते मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत प्राप्त गरेपछि स्थगित भएको बैठक माघ २२ गते अपरान्ह २ बजेका लागि आह्वान गरिएको हो । सभामा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (समाजवादी पार्टी), राप्रपा, नेमकिपा र हाम्रो नेपाली पार्टीका गरी एकसय १० जना प्रदेशसभाका सदस्य छन् ।

# २५ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ रेडियो मकवानपुरको वार्षिकोत्सवमा आयोजित कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् ।

रेडियोले आफ्नो १३ औं वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको २५ औं स्थापना दिवसको सन्दर्भमा आयोजना गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरेका हुन् । बुधबार बिहान सहकारीको प्राङ्गणमा भएको रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेका थिए ।

रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग एवम् रेडियोका प्रबन्ध निर्देशक आशिष दुलालको अध्यक्षतामा भएको कार्यक्रममा रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यता थियो । पराजुलीले समाजको हरेक क्षेत्रलाई समेट्दै वार्षिकोत्सव तथा स्थापना दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिएको बताए ।

# हेटौंडा आइडलबाट राजेन्द्र सापकोटा आउट

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ मकवानपुर उद्योग वाणिज्य संघद्वारा राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको सन्दर्भमा आयोजित हेटौंडा आइडल गायन प्रतियोगिताबाट रामचन्द्र सापकोटा आउट भएका छन् ।



हेटौंडा-१० टीसीएसन चौरमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा भएको हेटौंडा आइडल गायन प्रतियोगिताबाट बुधबार सापकोटा आउट भएका हुन् । उत्कृष्ट १० मा परेका अनिता मोक्तान (१), प्रेमलाल बैठा (२), आवाज सुनार(३), सुस्मिता श्रेष्ठ (४), दीपेश श्रेष्ठ (५), राजेन्द्र सापकोटा(६), राजेश दर्नाल (७), सुशन शाही ठकुरी (८), विजय लामा (९), दीपा स्याङ्तान (१०) ले मंगलबार प्रस्तुत गरेको गायनलाई निर्णायकहरुले मूल्याङ्कन गर्दै र भोटिङको आधारमा एक जनालाई आउट गरेका हुन् ।

सापकोटा आउट भएसँगै ९ जना प्रतिस्पर्धीले बुधबार आइडलमा आफ्नो प्रस्तुति दिएका थिए । उनीहरुलाई भोट गर्न टिकटको अर्धकट्टी र एसएमएसबाट भोटिङ गर्न सकिने हेटौंडा आइडल व्यवस्थापन समिति संयोजक एवम् मउवा संघ कार्यसमिति सदस्य अंकिता सुमार्गीले जानकारी दिइन् ।

भोटिङ गर्न हेटौंडा आइडलको सर्टफर्म एचआई स्पेस प्रतिस्पर्धी नम्बर टाइप गरी ३१००३ मा एसएमएस गरी मन परेको प्रतिस्पर्धीलाई भोट गर्न सकिने मुख्य निर्णायक विजय कार्कीले बताए ।

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:** ९८४५२९०३९१, ९८५५०८५३९१

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:** ९८२१८५३११४

## थप सुविधाका साथ हाम्रा सेवाहरु

बिगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पतालमा** बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना